कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

घरपझोङ गाउँपालिका

# गाउँ कार्यपालिकाको २८औं बैठकको निर्णयहरु

मिति २०८०।१२।२२

**प्रस्ताव नं. १ :-**

अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा ।

**निर्णय नं. १ :-**

मिति २०८०।११।२२ गते बसेको यस कार्यपालिकाको २७औं बैठकमा ४ वटा निर्णयहरु मध्ये २ नं. निर्णय यस गाउँपालिकाको गाउँसभाको १३औ अधिवेशनमा पेश हुने प्रस्तावहरुको सम्बन्धमा निर्णय भएको थियो र प्रस्तावहरु गाउँसभाबाट स्वीकृत भई कार्यान्वयनको अवस्थामा रहेको पाईयो साथै ३ नं. निर्णय गाउँसभाको कार्यसूची पारित गरिएको थियो । यस गाउँपालिकाको ३ नं. वडाको पुथाङ एक्लेभट्टीमा रहेको र ४ नं. वडा जोमसोममा रहेको बसपार्कहरु मर्मत गरी सञ्चालन गर्ने निर्णय भए अनुसार यही २०८०।१२।१५ गते उक्त दुवै बसपार्कहरु सञ्चालन गर्ने गरी सम्झौता भई हाल सञ्चालनमा रहेको बैठकमा जानकारी भयो ।

**प्रस्ताव नं. २ :-**

गण्डकी प्रदेश पोखरामा आगामी आ.ब. को लागि विशेष र समपूरक अनुदान योजना माग पठाउने सम्बन्धमा ।

**निर्णय नं. २ :-**

आगामी आ.ब. २०८१।८२ मा सञ्चालन हुने गरी तपसिल बमोजिमका योजनाहरुलाई प्राथमिकताको आधारमा तपसिल बमोजिम क्रमागत, विशेष र समपूरक अनुदान प्राप्त गर्नका लागि प्रस्ताव पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

**क्रमागत योजना**

१) ठिनी खोल्सी नियन्त्रण, घरपझोङ गाउँपालिका-५, ठिनी

**विशेष अनुदान तर्फ**

१) खेलग्राम पूर्वाधार निर्माण, घरपझोङ गाउँपालिका-२, मार्फा

२) कालीगण्डकी तटबन्धन, घरपझोङ गाउँपालिका-२, मार्फा

३) ठिनी खेल मैदान स्तारोन्नती, घरपझोङ गाउँपालिका-५, ठिनी

४) छैरो खेतबारीमा फेन्सीङ जाली लगाउने, घरपझोङ गाउँपालिका-१, छैरो

**समपूरक अनुदान तर्फ**

१) रोङती देखि पुल्चोक झो.पु. सम्म कालीगण्डकी नदीमा वोल्डर सहितको तटबन्धन, घरपझोङ गाउँपालिका-३, स्याङ

निर्णय प्रमाणित ।
०८०।१२।२२

**प्रस्ताव नं. ३ :-**

तपसिलका कार्यविधिहरु स्वीकृत गर्ने सम्बन्धमा ।

क) घरपझोङ गाउँपालिकाको नगर प्रहरीको गठन, सञ्चालन र व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०८० ।

ख) टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०८०

ग) आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०८०

**निर्णय नं. ३ :-**

यस गाउँ कार्यपालिका अन्तर्गतको कानून तर्जुमा समितिबाट यस कार्यपालिका बैठकमा पेश भएका तपसिलका कार्यविधिहरुमा दफावार रुपमा छलफल गरीयो । उक्त कार्यविधिहरु स्वीकृत गर्ने सार्वसम्मत निर्णय गरियो ।

**तपसिल :-**

क) घरपझोङ गाउँपालिकाको नगर प्रहरीको गठन, सञ्चालन र व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०८० ।

ख) टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०८०

ग) आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०८०

**प्रस्ताव नं. ४ :-**

श्री जनहित माध्यमिक विद्यालयको डिपिआर संशोधन सम्बन्धमा ।

**निर्णय नं. ४ :-**

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत शिक्षा तथा मानव श्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को कृयाकलाप नम्बर ११.१.२.२५०० अन्तर्गत ८.३ नमुना विद्यालय गुरुयोजना अनुरुप भौतिक निर्माण अनुदान शिर्षकको बुँदा नं.६ मा नमुना विद्यालय विकासका लागि तयार भएको भौतिक एवंम् शैक्षिक गुरुयोजना विद्यालयको प्रस्तावको आधारमा स्थानीय तहले आवश्यकता एवंम् औचित्यको आधारमा परिमार्जन/अद्यावधिक गर्न सक्ने भन्ने व्यवस्था रहेको र नमुना विद्यालय विकास कार्यक्रम सञ्चालित यस गाउँपालिका स्थित श्री जनहित माध्यमिक विद्यालयको नमुना विद्यालय भौतिक पूर्वाधार निर्माण अन्तर्गत दुई वटा छात्रावास भवन निर्माण सम्पन्न भई उक्त शिर्षकबाट बचत हुन जाने रु.२८,१६,०२६।१४ रकमबाट गण्डकी प्रदेश सरकारको विशेष अनुदानमा यस गाउँपालिकाबाट नै विगतमा डिजाईन गरी भुई तल्ला फिनिसिङ र पहिलो तल्ला ढलान गरी राखिएको र हाल अलपत्र अवस्थामा रहेको भवन निर्माणको कार्य सम्पन्न गर्न विद्यालय व्यवस्थापन समितिको मिति २०८०।११।८को निर्णय सहितको विद्यालयको च.नं.९० मिति २०८०।११।१० को रु.२८,४३,५३८।४८ को प्राविधिक ईस्टिमेट सहितको कार्यक्रम थप गर्ने भन्ने प्रस्ताव पत्र प्राप्त भएको हुँदा सोही अनुसारको बाँकि कार्य सम्पन्न गर्न नमुना विद्यालय गुरुयोजनाको डिपिआरमा योजना थप गरी विद्यालयलाई कार्यसम्पन्न गर्न अनुमति दिने निर्णय गरियो ।

घरपखोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

**प्रस्ताव नं. ५ :-**

सवारी चालक र कार्यालय सहयोगी करारमा लिने सम्बन्धमा ।

**निर्णय नं. ५ :-**

यस कार्यालयबाट प्रथम पटक मिति २०८०।६।३० गते हलुका सवारी चालक करारमा लिने सम्बन्धी प्रकाशन भएको सूचना बमोजिम दुई जनाको दरखास्त परेको तर एम्बुलेन्स बिग्रिएको कारण साथै यथेष्ट रुपमा दरखास्त समेत नपरेकाले करार नियुक्तिको प्रकृया अघी नबढेकोमा यस अघी पेश भएका दरखास्तहरुलाई पेश भए अनुसार मान्यता दिने गरी पुनः ७ दिनको म्याद राखी हलुका सवारी चालकको दरखास्त आह्वानको लागि सार्वजनिक सूचना प्रकाशन गर्ने र न्युनतम् शैक्षिक योग्यता साधारण लेखपढ गर्न सक्ने राख्ने सर्वसम्मत निर्णय गरियो । साथै मार्फा स्वास्थ्य चौकीमा कार्यरत स्थायी कार्यालय सहयोगी २०८१।१।१० गते देखि लागु हुने गरी अनिवार्य आवकाश हुने भएको हुँदा उक्त स्वास्थ्य चौकीमा कार्यालय सहयोगी रिक्त नहुने गरी कार्यालय सहयोगी करारमा राख्ने सम्बन्धी प्रकृया समेत अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ६ :-**

सवारी साधन खरिद सम्बन्धमा ।

**निर्णय नं. ६ :-**

यस गाउँपालिकाको गाउँसभाको १३औं अधिवेशनले १ थान हलुका सवारी साधन खरिद गर्नका लागि रु.८०,००,०००।- विनियोजन गरेकोमा सवारी साधन खरिद गर्दा रकम अप्रयाप्त हुने अवस्था भएमा नपुग रकम आगामी गाउँसभाबाट सुनिश्चित गर्नेगरी एक थान हलुका सवारी साधन खरिदको प्रकृया अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ७ :-**

जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रको ढल निकास सम्बन्धमा ।

**निर्णय नं. ७ :-**

यस गाउँपालिकाको प्रशासकीय भवनको मूख्य गेटको पूर्व तर्फ रहेको आयुर्वेद स्वास्थ्य केन्द्रको भवन गहिराईमा परी मूख्य गेटमा पानी जम्मा भई सेवाग्राहीलाई समस्या भएको भनी मर्मतको लागि उक्त केन्द्रबाट अनुरोध भएकोमा प्राविधिकको लागत ईस्टिमेट अनुसार रु.४,१९,०५८।२४ खर्च हुने देखिएकोले लागत ईस्टिमेटलाई अझै पुनरावलोकन गरी पूर्वाधार कार्यालयबाट विनियोजन भएको रकम रु. २,००,०००।- मध्ये नपुग रकम गाउँपालिका विपद् व्यवस्थापन कोषबाट खर्च भुक्तानी दिने गरी पानी निकास दिने कार्य सम्पन्न गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय प्रमाणित
०८०।१२।२२

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

**प्रस्ताव नं. ८ :-**

उद्यम घरको घर बाहाल सम्बन्धमा ।

**निर्णय नं. ८ :-**

यस गाउँपालिकाको कालीगण्डकी पक्की पुल नजिक रहेको उद्यम घर र सँगै रहेको शौचालय मासिक भाडा दर रु.६०००।- यस कार्यालयलाई बुझाउने गरी रामग्राम-२ नवलपरासीका स्थायी निवासी श्री गिरीजा शंकर रौनियारले भाडामा लिएकोमा उक्त घर प्रयोबिहिन राखेको र शौचालय समेत सञ्चालन नगरेको साथै घर भाडा समयमा नतिरेको र पटक पटक पत्राचार तथा ताकेता गर्दा समेत सम्झौताको पालना नगरेको पाईएकोले निज सँग भएको घरभाडाको सम्झौता आजकै मिति देखि लागु हुने गरी तोड्ने र निजले हाल सम्म तिर्न बाँकि घर भाडा वापतको रकम निजले जम्मा गरेको धरौटी रकमबाट असुल उपर गर्ने सर्वसम्मत निर्णय गरियो । साथै न्यूनतम बोल कबोल रकम मासिक रु.६०००।- राखी पुन: घर भाडामा लगाउने सम्बन्धी सूचना प्रकाशन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ९ :-**

राजश्व सम्भाव्यता अध्ययनको लागि टोली गठन गर्ने सम्बन्धमा ।

**निर्णय नं. ९ :-**

गाउँपालिकाको आन्तरिक राजश्व बृद्धि गर्ने सम्बन्धमा राजश्व संकलन हुन सक्ने सम्भाव्य क्षेत्रहरुको पहिचान गरि प्रतिवेदन पेश गर्ने प्रयोजनको लागि तपसिल बमाजिमको संयोजक र सदस्यहरु रहने गरी राजश्व सम्भाव्यता अध्ययन टोली गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल :-**

| | |
|---|---|
| संयोजक | श्री याम प्रसाद थकाली, ४ नं. वडा अध्यक्ष |
| सदस्य | श्री आस बहादुर थकाली, १ नं. वडा अध्यक्ष |
| सदस्य | श्री मन बहादुर हिराचन, २ नं. वडा अध्यक्ष |
| सदस्य | श्री फलेन्द्र प्रसाद थकाली, ३ नं. वडा अध्यक्ष |
| सदस्य | श्री प्रदिप थकाली, ५ नं. वडा अध्यक्ष |
| सदस्य सचिव | श्री सरिता थकाली, राजश्व शाखा प्रमुख |

**प्रस्ताव नं. १० :-**

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनामा प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

**निर्णय नं. १० :-**

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना, इलाका संरक्षण कार्यालय, जामेसोमको च.नं.१७६ मिति २०८०।१२।४ गतेको पेश भएको पत्रमा उल्लेख भए अनुसार चालु आ.ब. को स्थानीयको जीविकोपार्जनमा सुधार पर्यापर्यटन, पर्यटन पुर्वाधार निर्माण तथा संभार, वन्यजन्तु र वातावरणको संरक्षण साथै जलवायु परिवर्तन सँग सम्बन्धित कार्यक्रम विषयहरु मध्ये कुनै एक क्षेत्रमा कार्यक्रम छनौट गरी प्रस्ताव पेश गर्ने सम्बन्धमा अनुरोध भए बमोजिम तपसिलका कार्यक्रमको प्रस्ताव पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय प्रमाणित
०८०।१२।२२

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

**तपसिल :-**

१) झोरेखोला झोलुङ्गेपुल नमुलेक ठाँटी हुँदै तिलिचो ताल जाने पदमार्ग स्तरोन्नती गर्ने योजना, घरपझोङ गाउँपालिका-५, मुस्ताङ

**प्रस्ताव नं. ११ :-**

श्री सुक बहादुर वि.क. लाई शौचालय निर्माणको लागि आर्थिक सहयोग सम्बन्धमा ।

**निर्णय नं. ११ :-**

यस घरपझोङ गाउँपालिका ४ नं. वडा जोमसोम निवासी श्री सुक बहादुर वि.क.ले आफ्नो आर्थिक अवस्था कमजोर रहेकोले शौचालय निर्माणको लागि आर्थिक सहयोग माग गरेको विषयमा छलफल हुँदा जग्गाको व्यवस्था निजले गर्ने गरी शौचालय निर्माणको लागि ट्वालेट पेन-१ थान, सिमेन्ट-१० बोरा र पाईप उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १२ :-**

नेपाल पत्रकार महासंघको जग्गा उपलब्ध गराईदिने पत्रको सम्बन्धमा ।

**निर्णय नं. १२ :-**

नेपाल पत्रकार महासंघले कार्यालय भवन निर्माण प्रयोजनका लागि जग्गा उपलब्ध गराउने सम्बन्धमा ४ नं. वडा कार्यालयको च.नं.३०० मिति २०८०।१२।१३ गतेको पत्र र निर्णय यस बैठकमा पेश भई जानकारी भयो ।

**प्रस्ताव नं. १३ :-**

अमित बिल्डर्स को अस्थाई क्रसर उद्योग सञ्चालन सम्बन्धमा ।

**निर्णय नं. १३ :-**

अमित बिल्डर्सको मिति २०८०।१०।७ गतेको अस्थाई क्रसर उद्योग सञ्चालनको लागि अनुमति दिने विषयको पत्रका बारेमा जानकारी भयो ।

**प्रस्ताव नं. १४ :-**

पुथाङ सामुदायिक अध्ययन केन्द्रको विधान संशोधन सम्बन्धमा ।

**निर्णय नं. १४ :-**

नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको सामुदायिक सिकाई केन्द्रको सञ्चालन सम्बन्धी मापदण्ड, २०७८ को नियममा ७ को उपनियम २ मा केन्द्रको नाम स्थानीय सरकारको अनुमतिमा परिवर्तन गर्न सक्ने भन्ने व्यवस्था भएकोले यस गाउँपालिका वडा नं. ३ पुथाङ स्थित पुथाङ सामुदायिक अध्ययन केन्द्रको नाम परिवर्तन गरी पुथाङ जोमसोम सामुदायिक सिकाई केन्द्र बनाउने भन्ने सम्बन्धमा सामुदायिक सिंकाई केन्द्रको व्यवस्थापन समितिको निर्णय साथै सेवा क्षेत्रको अविभावकहरुको हस्ताक्षर सहितको निर्णय सिफारिस प्राप्त हुन आएको हुँदा सोही अनुसार विधान संशोधन गर्ने अनुमति दिने निर्णय गरियो ।

(निर्णय प्रमाणित)
०८०।१२।२१

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

**प्रस्ताव नं. १५ :-**

६ महिना भन्दा बढी सेवा अवधि भएका स्वयं सेवकको पोषाक भत्ता सम्बन्धमा ।

**निर्णय नं. १५ :-**

यस कार्यालयको आवश्यकता माग बमोजिम गण्डकी प्रदेश सरकारबाट खटिएका स्वयंम् सेवक श्री प्रदिप थकाली (स्वास्थ्य तर्फ) र श्री प्रमि नेपाली (पशु सेवा तर्फ) दुवै जनाको निरन्तर सेवा अवधि ६ महिना भन्दा बढी भएको हुँदा निजहरुलाई रु.१०,०००।- पोषाक भत्ता उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १६ :-**

यस गाउँपालिका ४ नं. वडा कार्यालयको तारजाली उपलब्ध गराईदिने सम्बन्धी पत्रको सम्बन्धमा ।

**निर्णय नं. १६ :-**

यस गाउँपालिका ४ नं. वडा, कालीगण्डकी नदी नियन्त्रण योजना अन्तर्गतको छुट भएको खण्डमा उपभोक्ताबाट ग्याबियन जाली भर्ने सम्बन्धी कार्य गर्ने गरी कार्यालयमा रहेको मौजदातबाट १० थान ग्याबियन जाली उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १७ :-**

भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको समन्वयत्मक बैठकको मिति तोक्ने सम्बन्धमा ।

**निर्णय नं. १७ :-**

भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको समन्वयत्मक बैठकको मिति तोक्ने सम्बन्धमा गाउँपालिका अध्यक्षको समयानुकुल हुने गरी मिति तोक्ने जिम्मा अध्यक्षज्यूलाई दिने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १८ :-**

जोमसोम स्वास्थ्य चौकीको जग्गा सम्बन्धी प्रतिवेदन सम्बन्धमा ।

**निर्णय नं. १८ :-**

यस घरपझोङ गाउँपालिका ५ नं. वडा ठिनीमा रहेको जोमसोम स्वास्थ्य चौकीको जग्गाको सम्बन्धमा दुविधा रहेकोले सोही ५ नं. वडा अध्यक्ष श्री प्रदिप थकालीज्यूको संयोजकत्वमा गठन भएको समितिले तयार पारेको अध्ययन प्रतिवेदन बैठकमा पेश भई व्यहोरा जानकारी भयो ।

**प्रस्ताव नं. १९ :-**

सवारी साधन व्यवस्थापन सम्बन्धी पुथाङवासीको पत्र सम्बन्धमा ।

**निर्णय नं. १९ :-**

यस घरपझोङ गाउँपालिका, ३ नं. वडा पुथाङ (जोमसोम एयरपोर्ट क्षेत्र) मा मुख्य बाटोमा सवारी साधनहरु केही समयको लागि रोक्नु पाउनु पर्ने मागका सम्बन्धमा छलफल हुँदा सार्वजनिक मूल

निर्णय प्रमाणित
०८०।१२।२२

गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

बाटोमा सवारी साधनहरु रोकिराख्ने सम्बन्धमा ट्राफिक नियमानुसार हुँने हुँदा यस सम्बन्धमा गाउँपालिकाले निर्णय गर्न नमिल्ने व्यहोरा जानकारी गराउने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. २० :-**

अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महालेखा नियन्त्रक कार्यालय लगायत अन्य विभिन्न मन्त्रालय र कार्यालयहरुबाट प्राप्त पत्रहरुको सम्बन्धमा ।

**निर्णय नं. २० :-**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त सुभाव तथा निर्णयहरु कार्यान्वयन गर्ने सम्बन्धी तपसिलका पत्रहरुको व्यहोरा जानकारी भयो । १) च.नं.४८६९६, मिति २०८०।११।२९, २) च.नं.४९७८३, मिति २०८०।१२।०२, ३) च.नं.४७४२२, मिति २०८०।११।२१, ३) च.नं. Div-47530 मिति २०८०।११।२१, ४) च.नं.४०४०२ मिति २०८०।१०।१९, ५) च.नं.४२२७६ मिति २०८०।१०।१९ प्राप्त सुझाव तथा निर्णयहरु क्रमशः कार्यान्वयन गर्दै जाने सर्वसम्मत निर्णय गरियो ।

महालेखा नियन्त्रक कार्यालयको च.नं.१०६ मिति २०८०।१०।२६ गतेको वित्तीय समानीकरण अनुदान हस्तान्तरणको अवस्था बारेको निर्णय सम्बन्धी व्यहोराको जानकारी भयो ।

निर्णय प्रमाणित
०८०।१२।२२

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल